मिति २०८२/०५/३१ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

शोक विदा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३:

बेतलवी अध्ययन विदा रद्द सम्बन्धमा ।

प्रस्ताव नं. ४:

तमानखोला आधारभूत अस्पतालका मेडिकल अधिकृतको तलव तथा भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. ५:

संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) सम्बन्धमा ।

प्रस्ताव नं. ६:

बोङ्गादोभान देखि बोङ्गानी र हिजा/स्याउला जोड्ने सडक मर्मत सम्बन्धमा ।

प्रस्ताव नं. ७:

बाटो तथा घाट मर्मत सम्बन्धमा ।

प्रस्ताव नं. ८:

प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ९:

तमानखोला गाउँपालिका खेलकुद विकास कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दोस्रो संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १०:

उपभोक्ता समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ११:

विपद् प्रभावितलाई राहत प्रदान सम्बन्धमा ।

प्रस्ताव नं. १२:

प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र स्थापना सम्बन्धमा ।

प्रस्ताव नं. १३:

खेलकुद कार्यक्रमका लागि आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. १४:

जग्गा वर्गीकरण सम्बन्धमा ।

प्रस्ताव नं. १५:

विविध सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८२/०५/३१ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

पछिल्लो समयमा नेपालमा चलेको Zen Z आन्दोलनको क्रममा मिति २०८२ भदौ २३ गते भएको युवाहरुको मृत्यूको शोकमा तमानखोला गाउँपालिकामा भदौ २४ र २५ गते गरिएको स्थानीय शोक विदा अनुमोदन गर्ने ।

निर्णय नं. ३:

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. २२२४ मिति २०८१/०२/२३ गतेको पत्रानुसार मिति २०७९/०७/२१ गते देखि मिति २०८२/०७/२० गतेसम्म बेतलवी अध्ययन विदा स्वीकृत भई विदामा रहेकी बोङ्गादोभान स्वास्थ्य चौकी (हाल तमानखोला आधारभूत अस्पताल)मा कार्यरत अ.न.मी. श्री नमी घर्तीमगरले आफ्नो अध्ययन पुरा गरी मिति २०८२/०५/१९ गते बाँकी बेतलवी अध्ययन विदा रद्द गरी कार्यालयमा हाजिर हुन पाउँ भनि कार्यालयमा पेश गरेको उपर कारवाही हुँदा कार्यालयको मिति २०८२/०५/२४ गतेको निर्णयानुसार कार्यपालिकाबाट अनुमोदन हुने गरी निजको मिति २०८२/०५/१९ गते देखि मिति २०८२/०७/२० गतेसम्मको बेतलवी अध्ययन विदा रद्द गरेको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ४:

तमानखोला आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. अनुराग अधिकारीलाई कार्यालयको निर्णय अनुसार करार सम्झौता गरी प्रदान गरिएको देहाय बमोजिमको तलब भत्ता अनुमोदन गर्ने ।

देहायः

| तलब स्केल | प्रोत्साहन भत्ता | सञ्चार खर्च | जम्मा तलब भत्ता | कैफियत |
|---|---|---|---|---|
| ४८,७३७/- | ४८,७३७/- | २,०००/- | ९९,४७४/- | नियमानुसार कर कट्टी गरिनेछ । |

निर्णय नं. ५:

तमानखोला गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) हालसम्म नभएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्नुपर्ने आवश्यकता रहेको हुँदा कार्यालयबाट उक्त कार्यका लागि प्रक्रिया अगाडि बढाउने।

Scanned with CamScanner

निर्णय नं. ६:
मिति २०८२/०५/०८ गतेको भारी वर्षाका कारण बोङ्गादोभान देखि बोङ्गानी र हिजा/स्याउला जोड्ने सडक अन्तर्गत बेसीमा ठूलो पहिरो गई सडक पूर्ण रुपमा अवरुद्ध भएकोले सवारी साधन लगायत पैदल यात्रुलाई समेत आवत जावत गर्न कठिनाई भएकोले कार्यालयको निर्णयानुसार उक्त पहिरो सरसफाई गरी सडक ट्र्याक खोलिएको हुँदा कार्यालयको निर्णय अनुमोदन गरी प्राविधिक मूल्याङ्कनका आधारमा मर्मत सम्भार कोषबाट खर्च व्यहोर्ने गरी उक्त सडक मर्मत कार्यको भुक्तानी गर्ने ।

निर्णय नं. ७:
वर्षाद्को समयमा तमानखोला गाउँपालिका भित्रका खोलाहरु बढ्न गई सडक पर्ने विभिन्न घाटहरु अवरुद्ध हुँदा सडक सञ्चालनमा नआएको तथा आसन्न दशैं, तिहार र छठ जस्ता चाडपर्वलाई समेत मध्यनजर गर्दै उक्त घाटहरु र पहिरोको कारण सडक पूर्ण रुपमा अवरुद्ध भएका केही स्थानलाई प्राथमिकता दिई प्राविधिक लागत अनुमानका आधारमा मर्मत सम्भार कोषबाट खर्च हुने गरी पहिलो चरणको सडक सरसफाई तथा मर्मत गर्ने ।

निर्णय नं. ८:
यस बैठकमा प्रस्तुत भई छलफल भएको प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ९:
तमानखोला गाउँपालिका खेलकुद विकास कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ देहाय अनुसार संशोधन गर्ने ।

<u>देहाय:</u>

१) कार्यविधिको दफा ३ को बुँदा नं. (छ) मा रहेको "रु. १५,०००/-" शब्दहरुको सट्टा "रु. ५०,०००/-" भन्ने शब्दहरु राख्ने ।
२) कार्यविधिको दफा ३ को बुँदा नं. (छ) पछि बुँदा नं. "(ज) उल्लिखित बाहेक स्थानीय खेलकुद प्रवर्द्धनका लागि गाउँपालिकाबाट कुनै नगद वा जिन्सी सहयोग गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।" भन्ने बुँदा थप गर्ने ।

निर्णय नं. १०:
तमानखोला गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन हुने प्रकृतिका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालयको समन्वयमा तत्काल उपभोक्ता समिति गठन गरि गाउँपालिकाको कार्यालयलाई जानकारी दिने ।

Scanned with CamScanner

निर्णय नं. ११ः

मिति २०८२/०५/३१ गते बसेको तमानखोला गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णय तथा सिफारिस अनुमोदन गर्ने ।

निर्णय नं. १२ः

चालु आर्थिक वर्ष २०८१/०८२ मा प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र स्थापना तथा सञ्चालनका लागि बजेट विनियोजन भएको तथा स्थानीय आवश्यकता र सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा छलफल गर्दा वडा नं. १ को ~~हिन्जा/स्याउली~~ र वडा नं. ३ को हिलेमा प्राथमिक उपचार तथा परामर्श सेवा केन्द्र स्थापना गर्ने ।

निर्णय नं. १३ः

आसन्न दशैं, तिहार र छठ जस्ता महान चाडपर्वलाई मध्यनजर गर्दै तमानखोला गाउँपालिका वडा नं. ५ को खुंखानीमा स्थानीय क्लब/समितिले मिति २०८२/०६/०६ गतेदेखि आयोजना गर्ने घटस्थापना विशेष मेला तथा विविध सांस्कृतिक कार्यक्रम, २०८२ सञ्चालनका लागि कार्यक्रम प्रस्तावना तथा कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा खेलकुद विकास कोषबाट खर्च हुने गरी रु. २,००,०००/- (अक्षरेपी दुई लाख मात्र) सम्म आर्थिक सहयोग गर्ने ।

निर्णय नं. १४ः

तमानखोला गाउँपालिकाको जग्गा वर्गीकरण गर्ने सम्बन्धमा छलफल भई जग्गा वर्गीकरण मापदण्ड तथा वर्गीकरण नक्सामा आवश्यक संशोधन गर्ने तथा आगामी बैठकमा थप छलफल गर्ने ।

Scanned with CamScanner